बैठक संख्याः ४४

आज मिति २०७६।१०।०४ गते शनिबार दिनको ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा बैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | |
| ४ | श्री घनश्याम गौतम | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री राम कुमार राई | सदस्य | |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | |
| ८ | श्री उदय बहादुर राई | सदस्य | |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | |
| १० | श्री धनपति गौतम | सदस्य | |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | |
| १४ | श्री खिनामाया थापा | सदस्य | |
| १५ | श्री गिता शिवा | सदस्य | |
| १६ | श्री बिन्दुकला गुरुङ | सदस्य | |
| १७ | श्री सुनिता चौधरी | सदस्य | |
| १८ | श्री सुजना राजवंशी | सदस्य | |
| १९ | श्री गिता गिरी | सदस्य | |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | |
| २२ | श्री प्रदिप शाह | सचिव | |
| | अन्य कर्मचारीहरु | | |
| १ | श्री महेन्द्र खड्का | अधिकृत सातौं | |
| २ | श्री धनमाया राई | अधिकृत सातौं | |
| ३ | श्री झमक भटराई | अधिकृत छैटौं | |
| ४ | श्री बलराम गौतम | सहायक पाचौं | |
| ५ | श्री दिनेश खड्का | स.क.अपरेटर | |

प्रस्तावहरु

१. नगर विकास कोषको परिपत्र सम्बन्धमा ।
२. योजनाको सम्झौता समयावधि सम्बन्धमा।
३. संशोधित योजनाको अनुमोदन सम्बन्धमा ।
४. बिस फुट भन्दा कम चौडाई भएको सडकको योजना सम्बन्धमा
५. प्रमुखज्यूबाट स्वीकृत कार्यक्रमहरुको अनुमोदन सम्बन्धमा ।
६. पूँजीगत परामर्श शिर्षकमा थप बजेट व्यवस्थापन
७. संस्था दर्ता लामा कार्की प्रतिष्ठान बेलबारी ११
८. रमिते पर्यटकिय क्षेत्रको डि.पि.आर सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १: नगर विकास कोषको मिति २०७६।९।२४ मा च.नं. ६५२ को परिपत्र बमोजिम बेलबारी साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले नगर विकास कोषसँग साविक बेलबारी गाउँ विकास समितिको जमानीमा मिति २०७३ भाद्र १३ गते ऋण संझौता भई खानेपानी आयोजना संचालन् भएकोमा हालसम्म बाकी बक्यौता भुक्तानी नगरेकोले सो सम्बन्धमा यथार्थ वस्तुस्थिति अध्ययन गरि आवश्यक सुझाव कार्यपालिकामा पेश गर्ने गरि नगर प्रमुखज्यूको संयोजकत्वमा वडा नं. १, २, ३ र ४ का वडा अध्यक्षहरु रहेने गरि समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. २: चालु आ.व.को योजना संझौता अवधि २५ लाख रकमको माघ पहिलो हसा र सो भन्दा कम रकमको योजनाको हकमा अघिल्लो कार्यपालिकाको निर्णयानुसार पौष मसान्तसम्म समय भएकोमा उक्त समयमा कतिपय वडाहरुको योजना संझौता हुन बाकी रहेको हुदाँ दुबै प्रकतिका योजनाहरुको लागि अन्तिम पटकको माघ १० गते सम्म संझौता समय थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: चालु आ.व.मा नगरसभाबाट स्वीकृत तपशिलका वडाहरुको योजना तथा कार्यक्रमहरु संचानल हुन कठिनाई भई वडाहरुबाट योजना र कार्यक्रमहरु संशोधन गर्न सिफारिस भएकोले पेश भएका योजना र कार्यक्रमहरु संशोधन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

संशोधित योजना/ कार्यक्रमको सम्बन्धी बिवरण

| बजेट सि.नं. | स्वीकृत योजना/कार्यक्रमको नाम | परिवर्तन भएको योजना/कार्यक्रम | शाखा वा वडाको निर्णय |
|---|---|---|---|
| ३ | अध्ययन अवलोकन रु. ४००००।०० | तालिम अध्ययन अवलोकन रु ४०००००।०० | मिति २०७६।९।२१ को प्रशासन शाखाको टिप्पणी आदेश । |
| ४३२ | चिल्ड्रेन पार्क निर्माण घेराबारा रु.[illegible] | सि.नं. ४४७ सयपत्री मार्ग लिलाडाडा ग्राभेल र ड्रेन निर्माण रु.२०००००।०० | मिति २०७६।९।२८ को वडा नं. ४ को सिफारिस । |

२।८।८

| | | | |
|---|---|---|---|
| ५२८ | त्रिवेणी मार्ग हुदै बेलबारी ४ जोड्ने बाटोमा कल्भर्ट र ह्युमपाइप जडान कार्य रु. ३०००००।०० | त्रिवेणी मार्ग हुदै बेलबारी ४ जोड्ने बाटोमा ह्युमपाइप जडान र बाटो विस्तार कार्य रु. ३०००००।०० | मिति २०७६।९।१८ को वडा नं. ११ को सिफारिस । |
| ४२० | वडा नं. १ र २ को लागत साझेदारीमा रमितेटोलमा कज्वे निर्माण रु. २०००००।०० | रमितेटोलमा कल्भर्ट निर्माण रु. २०००००।०० | मिति २०७६।९।०६ को वडा नं. २ को सिफारिस । |
| ४७५ | मुलनहर देखि राम जानकी स्कुल हुदै काफ्ले टोल जाने ड्रेन तथा स्तरोन्नती र बाटो निर्माण रु. १००००००।०० | मुलनहर देखि राम जानकी स्कुल हुदै काफ्ले टोल जाने बाटो ग्राभेल रु स्तरोन्नती रु. १००००००।०० | मिति २०७६।९।१३ को वडा नं. ७ को सिफारिस । |
| ४०९ | नक्शल पूर्वछेउ बाईपास जाने बाटोमा ग्राभेल रु. २०००००।०० | नक्शल सिरानै देखि अमना खोलाको पुलसम्म ५२ फिट चौडाइको ट्रयाक निर्माण रु. २०००००।०० | मिति २०७६।९।२८ को वडा नं. १ को सिफारिस । |
| ४१४ | सिसौंली टोल विकास अन्तरगतको बाटो ग्राभेल रु. २०००००।०० | पचास प्रतिशत लागत सहभागीमा भृकुटी मार्गमा नाला निर्माण रु. २०००००।०० | मिति २०७६।९।२८ को वडा नं. १ को सिफारिस । |
| ४९२ | बुधबारे देखि मिलनचोक जोड्ने सडक स्तरउन्नती रु. ५०००००।०० | ह्युमपाईप खरिद रु. ५०००००।०० | वडा नं. ८ को सिफारिस । |
| २७७ | प्रथमजातीका लागि सामुहिक व्यवसायिक घरेलु तान मेशिन बारपिङ्ग समेत व्यवस्थापन रु. १५०००००।०० | प्रथमजातीका लागि सामुहिक व्यवसायिक घरेलु तान मेशिन बारपिङ्ग व्यवस्थापन भवन निर्माण रु. १५०००००।०० | धिमाल प्रथम जाती व्यवस्थापन समितिको मिति २०७६।१०।३ निवेदन |
| २३६ | धार्मिक सॉस्कृतिक जगेर्ना सहयोग कार्यक्रम रु. १५००००।०० | आकस्मिक सहयोग कार्यक्रम रु. १५००००।०० | वडा नं. ७ को सिफारिस । |
| २५२ | दलित वर्ग घरको छानो विस्थापित कार्यक्रम रु. २६००००।०० | निम्न वर्गको फुसको छानो विस्थापित कार्यक्रम रु. २६००००।०० | मिति २०७६।१०।३ को वडा नं. ९ को सिफारिस । |

निर्णय नं. ४: २० फुट भन्दा कम चौडाई भएको सडक सम्वन्धी योजना संचालनको हकमा नगरपालिकाले लगानी नगर्ने नीति हुदा हुदै तपशिलका योजनाहरुमा लागत सहभागिता समेत जम्मा भई सकेको हुदाँ एक पटकको लागि पेश भएका योजना संचालन गर्ने साथै आगामी दिनमा यस्ता प्रकृतिका योजनाहरुमा लगानी नगर्ने निर्णय गरियो ।

तपशिल

क. सि.नं. ४३२ को मालपोत टोलको बाटोमा ड्रेन निर्माण वडा नं. ३ रु. ५०००००।००
ख. सि.नं. ५२६ को भृकुटी मार्ग टाली बिच्छ्याउने कार्य वडा नं. ११ रु. ५०००००।००

निर्णय नं. ५: नगर प्रमुखज्यूबाट विभिन्न मितिमा स्वीकृत प्रदान गरि संचानल भएको तपशिल वमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क. सि.नं. ३८६ शिक्षा पूर्वाधार विकास कार्यक्रम

| क.स. | योजना कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| १ | श्री धनपाल माध्यमिक विद्यालय बेलबारी ५ ल्याव व्यवस्थापन | १०००००।०० |

ख. सि.नं. ७५ अन्य सामाजिक क्षेत्र सुधार

| क.स. | योजना कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| १ | जिवन विज्ञान ध्यान योग प्रयोगशाला बेलबारी ४ | ५००००।०० |

| | | |
|---|---|---|
| २. | पिस म्युजिकल कन्सर्ट शान्ती युवा समूह बेलबारी ९ नक्सलबारी | ४००००।०० |
| ३ | च्याउ उत्पादन कार्यक्रम च्याउ उत्पादन किसान संघ १ नं. प्रदेश कार्य समिति | १२५०००।०० |

ग. सि.नं. ३८१ सिचाइ

| क.स. | योजना कार्यक्रमको नाम | रकम रु |
|---|---|---|
| १ | दुधा पैनी मर्मत वोराबाध कालीथान टोल विकास संस्था बेलबारी ६ | १५००००।०० |
| २ | सिचाइ कार्यक्रम अटलबाबा जल उपभोक्ता समिति बेलबारी ६ | ६००००।०० |

घ. विरामीहरुको लागि उपचार सहयोग

| क.स. | विरामीको नाम | ठेगाना | रोगको नाम | रकम रु. |
|---|---|---|---|---|
| १ | पार्वती तामाङ | बेलबारी - ११ | पायल्स | १५००० |
| २ | कुमार विश्वकर्मा | बेलबारी — ११ | दुर्घटना | १५००० |
| ३ | जिसा कार्की | बेलबारी — ४ | मुटु रोग | १०००० |
| ४ | युवि खवास | बेलबारी - ९ | खुट्टामा घाउ | १५००० |
| ५ | सर्मिला महतो | बेलबारी - ६ | पेटमा ट्युमर | १०००० |
| ६ | देवी बन | बेलबारी — ५ | मृगौलामा समस्या | २०००० |
| ७ | सुवर्ण कुमार पण्डित | बेलबारी - ६ | डेङ्गी | १५००० |
| ८ | प्रविण काफ्ले | बेलबारी - ५ | हेमोफिलिया | १५००० |
| ९ | गगा माया विश्वकर्मा | बेलबारी — ९ | पाठेघरमा क्यान्सर | १५००० |
| १० | कौशिला देवि घमला | बेलबारी — ५ | डेङ्गी | १५००० |
| ११ | टेक बहादुर बस्नेत | बेलबारी - ११ | डेङ्गी | १५००० |
| १२ | अभिषेक चौधरी | बेलबारी — ९ | डेङ्गी | १५००० |
| १३ | तुलसा बस्नेत | बेलबारी — ११ | डेङ्गी | १५००० |
| १४ | मुन्ना शाह | बलबारी — २ | पथरिया | १५००० |

निर्णय नं. ६: नगरसभाबाट स्वीकृत पूँजीगत परामर्श शिर्षकबाट नगर क्षेत्रका महत्वपूर्ण योजना तथा कार्यक्रम संचालनको लागि डिपिआर लगायत आईई तयार भैरहेको हुदाँ सो शिर्षकमा विनियोजित बजेट अपुग हुने भएकोले संचित कोषबाट थप रु. ६००००००।०० साठी लाख रुपैया विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: संस्था दर्ताको लागि ११ नं. वडा कार्यालयको मिति २०७६।८।३० को सिफारिस भई सम्वन्धित शाखाबाट अध्ययन गरि मिति २०७६।१०।३ गते स्वीकृतिको लागि पेश भएकोले लामा कार्की प्रतिष्ठान नेपाल बेलबारी ११ नामको संस्था दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ८: बेलबारी वडा नं. २ मा रहेको रमिते पर्यटकिय क्षेत्रको डिपीआर शान्ति निकेतन प्रा.लि. ईटहरीले तयार गरि प्रस्तुत गरेको हुदाँ उक्त डिपिआर स्वीकृत गर्ने निर्णय गरियो ।